# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः९ मितिः२०८१/०५/१४

## भाग-२

## लेटाङ नगरपालिका

# लेटाङ नगरपालिकाको पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

# लेटाङ नगरपालिकाको पर्यटन विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्विकृत मितिः २०८१।०५।०४**

**प्रमाणिकरण मितिः २०८१।०५।०४**

प्रस्तावनाः

नगरपालिकाको पर्यटकीय सम्पदाहरुको विकास, विस्तार, संरक्षण र प्रवर्द्धन गरी सामाजिक, सांस्कृतिक, आर्थिक, संस्थागत, वातावरणीय, सूचना प्रविधि सहितको दिगो पर्यटकीय विकास गर्न आवश्यक र बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार तथा लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) बनेको ऐन २०७६ को दफा ४ बमोजिम प्रयोग गरी लेटाङ नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१.** संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम लेटाङ नगरपालिकाको पर्यटन विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि लेटाङ नगरपालिकाको क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२.** परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ । साथै पर्यटनसँग अन्तरसम्बन्धित अन्य यस्तै प्रकृतिका संघ, प्रदेश र स्थानीय ऐन समेतलाई जनाउनेछ ।

(ग) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले लेटाङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले लेटाङ नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "वडा कार्यालय" भन्नाले लेटाङ नगरपालिकाको वडा समितिको कार्यालयलाई सम्झनु पर्छ ।

(छ) "नगर प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ज) "नगर उपप्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ ।

(झ) "वडा अध्यक्ष" भन्नाले लेटाङ नगरपालिका भित्रका सम्बन्धित वडाका वडा अध्यक्ष सम्झनुपर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको लेटाङ नगरपालिकाका लागि नियुक्ति अधिकृत सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" भन्नाले नगर पर्यटन क्षेत्र विकास समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ठ) "पर्यटन व्यवसाय" भन्नाले पर्यटकको आगमनबाट सञ्चालन गरिने व्यवसाय, पर्यटकहरूका निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनका सेवा तथा सुविधा पुऱ्याउने कारोबार, पर्यटकहरूलाई विभिन्न स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, पर्यटकीय क्षेत्रमा भ्रमण गर्ने व्यवस्था, होटल, सांस्कृतिक पार्क, लज, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रर्दशन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, धार्मिक, सांस्कृतिक, खेलकुद, शैक्षिक, स्वास्थ्य, कृषि तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पुऱ्याउने, पर्यटकहरूलाई स्थानीय वा अन्य वस्तुहरू विक्री गर्ने कारोवार, पर्यटकहरूका लागि साहित्य कला, संस्कतिको प्रस्तुति वा अन्य कुनै प्रर्दशनी, आयोजना, मेला, प्रचार, प्रसार अभियान संचालन गर्ने कार्यलाई समेत सम्झनुपर्छ ।

(ड) "पर्यटकीय गन्तव्य क्षेत्र" भन्नाले लेटाङ नगरपालिका पर्यटन गुरूयोजनाले पहिचान गरेको ६ वटा पर्यटन गन्तव्य क्षेत्र र त्यस भित्रका उपक्षेत्रहरू सम्झनु पर्दछ। साथै सो शब्दले कार्यपालिकाले तोकेबमोजिमको गन्तव्य क्षेत्र समेत जनाउनेछ।

(ढ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ण) "सदस्य" भन्नाले नगर पर्यटन क्षेत्र विकास समितिको सदस्य सम्झनु पर्दछ ।

(त) "योजना" भन्नाले नगरपालिका क्षेत्रको समग्र विकासका लागि तयार गरिएको आवधिक, वार्षिक योजना वा विषयगत गुरु योजना वा यस्तै प्रकारका अन्य विकास योजना सम्झनु पर्दछ । यसले मध्यमकालीन खर्च संरचनालाई समेत जनाउनेछ ।

(थ) "कार्यक्रम" भन्नाले कुनै योजना अन्तर्गतका विभिन्न कार्यक्षेत्र जस्तै कृषि, उद्योग, पर्यटन, यातायात आदिको योजनावद्ध विकासका लागि निश्चित अवधि, भौगोलिक क्षेत्र तोकी तयार गरिएको विकास कार्यक्रमलाई सम्झनु पर्दछ ।

(द) "आयोजना/परियोजना" भन्नाले विकास कार्यक्रम अन्तर्गत कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी पूर्व निर्धारित उद्देश्य प्राप्तिका लागि गरिने समग्र क्रियाकलापलाई सम्झनु पर्दछ ।

(ध) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, वस्तुगत एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय, बहुपक्षीय दाता तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरु एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था समेत सम्झनु पर्दछ ।

(न) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) बनेको ऐन २०७६ को दफा ४ बमोजिम आवश्यकतानुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने वा निर्णय गरी तोक्न सक्ने अधिकारलाई जनाउँदछ ।

## परिच्छेद – २
## उद्देश्य

**३.** उद्देश्यः यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छः

(क) नगर क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय स्रोत सम्पदाको पहिचान गर्ने,

(ख) पर्यटकीय स्रोत सम्पदाको उचित संरक्षण र सम्वर्द्धन गरी पर्यटन विकास गर्ने,

(ग) नगर क्षेत्रलाई सुरक्षित, भरपर्दो, आर्कषक तथा गुणात्मक पर्यटन स्थलको रुपमा विकास गर्ने,

(घ) नगर क्षेत्रमा पर्यटन व्यवसायको दिगो विकास एवं विस्तारका लागि आवश्यक संस्थागत विकासमा सहयोग पुर्‍याउने ।

(ङ) पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति, रणनीति तथा वार्षिक एवं दीर्घकालीन योजना निर्माणमा सहयोग पुर्‍याउने ।

## परिच्छेद – ३
## पर्यटन क्षेत्र विकास समिति गठन सम्बन्धी व्यवस्था

४. नगर पर्यटन विकास समिति गठनः (१) पर्यटन विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नका लागि देहाय बमोजिको एक नगर स्तरीय पर्यटन विकास समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको नगर पर्यटन विकास समितिको गठन देहायबमोजिम हुनेछः

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उपप्रमुख — उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) कार्यपालिकाले मनोनयन गरेको कार्यपालिका सदस्यहरुबाट १ महिला सहित २ जना – सदस्य

(च) पर्यटन क्षेत्र विकास समिति अध्यक्षहरु – सदस्य

(छ) नगर प्रमुखले मनोनयन गरेको स्थानीय उद्योग व्यवसायी प्रतिनिधि १ जना – सदस्य

(ज) नगर प्रमुखले मनोनयन गरेको होटेल व्यवसायी प्रतिनिधि १ जना – सदस्य

(झ) नगर प्रमुखले मनोनयन गरेको स्थानीय यातायात व्यवसायी प्रतिनिधि १ जना – सदस्य

(ञ) नगर प्रमुखले मनोनयन गरेको स्थानीय सञ्चारकर्मी प्रतिनिधि १ जना - सदस्य

(ट) आर्थिक विकास समिति सदस्य सचिव — सदस्य सचिव

(२) नगर पर्यटन विकास समितिले पर्यटन विषय विज्ञ, जनप्रतिनिधि र कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) नगर पर्यटन विकास समितिले पर्यटन गुरू योजना अन्तर्गतका पर्यटन गन्तव्य क्षेत्रहरूलाई आवश्यकता र औचित्यका आधारमा थप/घट गर्न वा एक आपसमा एकिकृत गर्न, नाममा संसोधन गर्न नगर कार्यपालिकामा सिफारिस गर्न सक्नेछ।

**५.** नगर पर्यटन विकास समितिको बैठक र निर्णयः (१) नगर पर्यटन विकास समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक न्यूनतम ३/३ महिनामा बस्नेछ । बैठक बस्ने अवधि ७ दिनभन्दा बढीको अन्तर हुने छैन ।

(३) समितिको बैठकमा पर्यटन विकास इकाइ प्रमुखले पर्यटन विकासमा भएको प्रगति तथा आगामी कार्यक्रमहरु प्रस्तुत गरी छलफल गर्नु पर्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफैले निर्धारण गरी कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(५) समितिको निर्णय कार्यपालिका समक्ष पेस गरी छलफल गराई आवश्यक निर्णय गर्नु पर्नेछ ।

**६.** नगर पर्यटन विकास समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नगरपालिकामा पर्यटन विकासका रणनीतिक क्षेत्रहरुको पहिचान तथा प्राथमिकीकरण गर्ने,

(ख) पर्यटन विकासका लागि आवश्यक रणनीतिक तथा वार्षिक योजना सम्बन्धी छलफल तथा निर्णय गर्ने,

(ग) पर्यटन विकासका कार्यक्रम सञ्चालनको उपयुक्त विधि तथा प्रक्रियाहरु तयार गरी कार्यपालिकामा पेस गर्ने,

(घ) नगर कार्यपालिकामा निर्णय भएका पर्यटन विकास सम्बन्धी कार्यहरु कार्यान्वयनमा सहजीकरण गर्ने,

(ङ) पर्यटन विकास सम्बन्धी गतिविधिहरुको प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(च) नगर कार्यपालिकाले तोकेका पर्यटन विकास सम्बन्धी अन्य कार्यहरु गर्ने ।

**७.** पर्यटन विकास इकाइको व्यवस्था (१) नगरपालिकामा पर्यटन विकास कार्यक्रम सञ्चालन गर्नका लागि एक नगर पर्यटन विकास इकाइ रहनेछ । उक्त इकाइका संयोजक नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) नगर पर्यटन विकास इकाई आर्थिक विकास समितिको मातहतमा हुनेछ। साथै आर्थिक बिकास समिति सदस्य सचिव नगर पर्यटन बिकास समितिको सम्पर्क व्यक्ती भई कामकाज गर्नुपर्नेछ।

**८.** नगर पर्यटन विकास इकाइको काम, कर्तव्य र अधिकारः (१) नगरपालिकामा पर्यटन विकास इकाइको काम कर्तव्य र अधिकार देहायअनुसार हुनेछः

(क) नगर पर्यटन विकास समिति र कार्यपालिकाका पर्यटन विकास सम्बन्धी निर्णयहरुको दस्तावेजहरु संकलन तथा फाइलिङ व्यवस्थापन गर्ने,

(ख) पर्यटन विकास सम्बन्धी रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्न सचिवालयको जिम्मेवारी बहन गर्ने,

(ग) पर्यटन विकास सम्बन्धी रणनीतिक तथा वार्षिक योजनाहरुमा उल्लेख भएका कार्यक्रमहरु नगरको आवधिक तथा वार्षिक योजनामा समावेश गरी कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने,

(घ) नगर कार्यपालिका तथा नगर पर्यटन विकास समितिको निर्देशन तथा परामर्शमा सम्बन्धित क्षेत्रहरुमा पर्यटन प्रवर्द्धनका आयोजना तथा गतिविधि कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(ङ) पर्यटन क्षेत्र विकास समितिबाट कार्यप्रगति तथा आगामी कार्ययोजना संकलन गरी नगर पर्यटन विकास समिति समक्ष पेश गर्ने,

(च) पर्यटन विकास सम्बन्धी नगरस्तरीय खण्डीकृत तथ्याङ्क तथा सूचना व्यवस्थापन गर्ने,

(छ) पर्यटन विकास सम्बन्धी परामर्श बैठक, प्रगति समीक्षा, आवधिक प्रतिवेदन संकलन, अनुगमन, आवधिक मूल्याङ्कन तथा सूपरीवेक्षण गरी सुझावहरु उपलब्ध गराउने,

(ज) पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यहरुको प्रभाव मूल्याङ्कन र अध्ययन तथा अनुसन्धानका कार्यहरु गर्न सहजीकरण गर्ने,

(झ) नगर कार्यपालिका र नगर पर्यटन विकास समितिको निर्देशन अनुसार सामाजिक परिचालन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

९. पर्यटन क्षेत्र विकास समितिको गठनः (१) पर्यटन गुरूयोजनाबाट पहिचान भएका ६ वटा पर्यटन गन्तव्य क्षेत्रहरूमा पर्यटन क्षेत्र विकास समिति गठन गर्नुपर्नेछ । यस समितिमा देहायका सदस्यहरु रहने छन्:

(क) सम्बन्धित पर्यटन गन्तव्य क्षेत्रको वडा अध्यक्ष ------ अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको १ महिला सहित ३ सदस्य - सदस्य

(ग) अध्यक्षले मनोनयन गरेको पर्यटन क्षेत्रको उद्योग व्यवसायी प्रतिनिधि १ जना – सदस्य

(घ) अध्यक्षले मनोनयन गरेको पर्यटन क्षेत्रको यातायात व्यवसायी प्रतिनिधि १ जना – सदस्य

(ङ) अध्यक्ष रहेको वडाको वडा सचिव ------------ सदस्य सचिव

(२) पर्यटन गन्तव्य क्षेत्रको अन्य वडा अध्यक्षहरूलाई आमन्त्रीत गरी बैठकमा अनिवार्य समावेश गर्नुपर्नेछ।

(स्पष्टिकरणःदफा ९ (१) "क" को पर्यटन क्षेत्रको अध्यक्षमा एक भन्दा बढी वडाहरू भएको पर्यटन गन्तव्य भएमा सम्बन्धित वडाको वडाअध्यक्षहरूको सहमतिमा अध्यक्ष चयन हुने। अन्यथाः कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**१०.** पर्यटन क्षेत्र विकास समितिको बैठक र निर्णयः

(१) पर्यटन क्षेत्र विकास समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक न्यूनतम ३/३ महिनामा बस्नेछ ।

(३) समितिको बैठकमा वडा सचिवले प्रगति तथा आगामी कार्यक्रमहरु छलफलका लागि पेश गर्नु पर्नेछ ।

(४) पर्यटन क्षेत्र विकास समितिले बैठकको निर्णयको जानकारी नगर पर्यटन विकास समितिमा पेश गर्नु पर्नेछ।

**११.** पर्यटन क्षेत्र विकास समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पर्यटन गन्तव्य क्षेत्रको भौगोलिक क्षेत्रमा पर्यटन क्षेत्रहरु पहिचान तथा प्राथमिकीकरण गर्ने,

(ख) सम्भावित पर्यटन क्षेत्रहरुको विकासका आयोजना तथा कार्यक्रमहरु नगर पर्यटन विकास समितिमा पेस गर्ने,

(ग) वार्षिक योजनामा स्वीकृत भई आएका पर्यटन विकास सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) पर्यटन विकास सम्बन्धी गतिविधिहरुको प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ङ) पर्यटन विकासका कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन गर्ने,

(च) नगर पर्यटन विकास समितिले तोकेका पर्यटन विकास सम्बन्धी अन्य कार्यहरु गर्ने ।

**१२.** विशेषज्ञ कार्यदलः (१) पर्यटन विकास कार्यक्रमका समग्र वा कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन नगर कार्यपालिकाले कार्यादिश सहित कार्य अवधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ सहितको एक कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ ।

## परिच्छेद – ४

## पर्यटन विकास कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**१३.** पर्यटन विकास कार्यक्रम सञ्चालन गर्न सक्ने (१) नगरपालिकाले पर्यटन सम्भावित क्षेत्रहरुको पहिचान गरी पर्यटन विकासका लागि पूर्वाधार विकास, पर्यटन जनशक्ति

उत्पादन तथा क्षमता विकास, पर्यटन बजारीकरण र पर्यटन विकासका लागि उपयुक्त देखिएका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**१४.** पर्यटन विकासका लागि गुरु योजना तयार गर्नुपर्नेः (१) नगरपालिकाले पर्यटन क्षेत्रमा दिगो विकासका लागि गुरुयोजना तयार गरी लागू गर्नु पर्नेछ ।

**१५.** पर्यटन पूर्वाधार विकासका कार्यक्रम गर्न सक्नेः (१) दफा १४ अनुसारका पर्यटन गुरुयोजनालाई आधार लिई दिगो पर्यटन पूर्वाधारको पहिचान तथा निर्माण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका पूर्वाधारहरुमा सांस्कृतिक संग्रहालय, धार्मिक मठ मन्दिर, गुम्बा, चैत्य, मस्जिद, चर्च, मनोरञ्जन पार्क, पैदल मार्ग, वनभोज स्थल, चौतारी, ताल, पोखरी तथा झरना संरक्षण, पर्यटन मार्ग, नगर तथा पर्यटन स्थल संरक्षण र सौन्दर्यीकरण, दृष्यावलोकन स्थल, सार्वजनिक चर्पी, खानेपानी आपूर्ति लगायतका अन्य पर्यटन विकासका लागि सहयोगी संरचनाहरु निर्माण मर्मत पर्नेछन् ।

**१६.** पर्यटन जनशक्ति उत्पादन र क्षमता विकासका कार्यक्रम गर्न सक्नेः नगरपालिकाले पर्यटन विकासका लागि पर्यटक सत्कार, पर्यटक गाइड, गृह आवास (Homestay), खाद्य तयारी जस्ता क्षेत्रमा जनशक्ति उत्पादन तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**१७.** पर्यटन बजारीकरण सम्बन्धी कार्यक्रम गर्न सक्नेः पर्यटन बजारीकरणका लागि प्रचार प्रसार सामग्री निर्माण, विज्ञापनका बोर्ड तथा विज्ञापन सामग्री निर्माण तथा वितरण गर्न सक्नेछ ।

**१८.** पर्यटनमैत्री वातावरणका लागि सचेतनामुलक गतिविधि सञ्चालन गर्न सक्नेः नगरपालिकाका व्यवसायी तथा आम बासिन्दाहरुलाई पर्यटनमैत्री वातावरण र व्यवहार विकासका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**१९.** पर्यटन विकासका लागि सार्वजनिक निजी साझेदारी गर्न सक्नेः (१) पर्यटन क्षेत्रमा दिगो विकासका लागि नगरपालिकाले सार्वजनिक निजी साझेदारी लगानी गर्न सक्नेछ।

(२) पर्यटन क्षेत्रमा सार्वजनिक निजी साझेदारी लगानी नगरपालिकाको सार्वजनिक निजी साझेदारी लगानी ऐनमा भएको व्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद – ४
## विविध

**२०.** बाधा अडकाउ फुकाउनेः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा नगर पर्यटन विकास समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउनेछ ।

**२१.** कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः (१) कार्यपालिकाले आवश्यकताअनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ ।

**आज्ञाले,**
**नारायण न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८१।०५।०४**

लेटाङ नगरपालिका, मोरङ